चित्र बहादुर कार्की
नगर प्रमुख

# सैनामैना नगरपालिका

# विनियोजन ऐन, २०७७

## सैनामैना नगरपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको

## विनियोजन ऐन, २०७७

सभाबाट स्वीकृत मिति: २०७६।०३।१४

**<u>प्रस्तावना:</u>**

सैनामैना नगरपालिका, रुपन्देहीको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम सैनामैना नगरपालिका, रुपन्देहीको नगरसभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१)** यस ऐनको नाम "सैनामैना नगरपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>आर्थिक वर्ष २०७७।०७८ को लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार</u>**: (१)आर्थिक वर्ष २०७७।०७८ को लागि नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची १ मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत जम्मा रकम रु.७०,८३,७७,५४६।- (अक्षेरुपी सत्तरी करोड त्रियासी लाख सतहत्तर हजार पाँच सय छयालिस रुपैया) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **<u>विनियोजन:</u> (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।०७८ को लागि सैनामैना नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिनेछ ।

चित्र बहादुर कार्की
नगर प्रमुख

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिन्छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही
५ नं. प्रदेश नेपाल
२०७३

चित्र बहादुर कार्की
नगर प्रमुख

## अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका | ४१,४६,६६,९४६ | १९,२२,७०,०७२ | | ६०,६९,३७,०१८ |
| २ | | वडा समिति | | ५,६१,३६,९२८ | | ५,६१,३६,९२८ |
| ३ | | बिषयगत शाखा | ४,५३,०३,६०० | | | ४,५३,०३,६०० |
| कुल जम्मा | | | ४५,९९,७०,५४६ | २४,८४,०७,००० | | ७०,८३,७७,५४६ |

(चालु खर्चमा नगरपालिका कर्मचारीहरुको तलवभत्ता, प्रशासनिक खर्च साथै शिक्षा, स्वास्थ्य, कृषि र पशु सेवाका कर्मचारीहरु समेतको समावेश गरिएको छ ।)

चित्र बहादुर कार्की
नगर प्रमुख

# अनुसूचि- २

## आ.व २०७७/७८ को आय व्ययको प्रक्षेपण

| शिर्षक | आ.व २०७७/७८ को अनुमान (रु) |
|---|---|
| **आय तर्फ** | |
| संपत्ति, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | १७०००००.०० |
| भूमिकर र मालपोत | ५००००००.०० |
| घरबहाल कर | ३००००००.०० |
| वहाल बिटौरी कर | ३७३०५४४.०० |
| सवारी साधन कर (साना सवारी) | २५००००.०० |
| पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २०५०००००.०० |
| अन्य मनोञ्जन कर | २८५०००.०० |
| अन्य कर | ३००००००.०० |
| अन्य सेवा शुल्क तथा बिक्री | ३५०००००.०० |
| नक्सापास दस्तुर | १००००००००.०० |
| सिफारिस दस्तुर | ८५०००००.०० |
| व्यक्तिगत घटना दस्तुर | ३२५०००.०० |
| नाता प्रमाणित दस्तुर | ३०००००.०० |
| अन्य दस्तुर | १०००००.०० |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | ५०००००.०० |
| अन्य राजश्व | ४५००००००.०० |
| व्यवसाय कर | ५००००००.०० |
| मालपोत रजिष्ट्रेशन शुल्क बाँडफाँड | २२५०००००.०० |
| **आन्तरिक जम्मा रु.** | **१३३१९०५४४** |
| संघीय  वित्तिय समानीकरण | १२०१०००००.०० |
| संघीय राजश्व बाँडफाँड | १०६७८७००२.०० |
| संघीय सशर्त अनुदान | २४०६०००००.०० |

चित्र बहादुर कार्की
नगर प्रमुख

| | |
|---|---|
| विशेष अनुदान | ३0000000.00 |
| स्थानीय पूर्वाधार विकास साझेदारी | २0000000.00 |
| पर्यटन पूर्वाधार कार्यक्रम | ५000000.00 |
| तराई मधेश समृद्धि कार्यक्रम | ५000000.00 |
| सडक बोर्ड नेपाल | ४५00000.00 |
| औधोगिक ग्राम | ५000000.00 |
| खेलकुद पुर्वाधार | ५000000.00 |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | १७५00000.00 |
| प्रदेश सरकार वित्तिय समानीकरण | ५८१८000.00 |
| प्रदेश सरकार राजश्व बाँडफाँड | ९८८२000.00 |
| **अनुदान जम्मा** | ५७५१८७00२.00 |
| **कुल जम्मा अनुमाति आय रु** | **७0८३७७५४६.00** |
| **व्यय तर्फ** | |
| कार्यालय सञ्चालन | १४३५३२0१८.00 |
| **नगरपालिका स्तरिय योजनाहरु** | |
| स्वास्थ्य | १0४७३६00.00 |
| कृषि विकास | ७३00000.00 |
| पशु विकास | ५८३0000.00 |
| शिक्षा | १७४00000.00 |
| स्थानीय विकास कोष | ६00000.00 |
| महिला तथा बालबालिका | ३७00000.00 |
| नगपालिका स्तरिय अन्य योजनाहरु | १३0८0५000.00 |
| **वडा स्तरिय योजनाहरु** | |
| वडा नं. १ | ६६२५४७१.00 |
| वडा नं. २ | ४0७१८३१.00 |
| वडा नं. ३ | ३८९४५९0.00 |
| वडा नं. ४ | ५३२३१३५.00 |
| वडा नं. ५ | ५९१७३२९.00 |
| वडा नं. ६ | ६१४३२१५.00 |
| वडा नं. ७ | ३५८८0८0.00 |

चित्र बहादुर कार्की
नगर प्रमुख

| | |
|---|---|
| वडा नं. ८ | ३५८७८४२.०० |
| वडा नं. ९ | ४७६०८७७.०० |
| वडा नं. १० | ६५२१५९५.०० |
| वडा नं. ११ | ५७०२९६३.०० |
| **वडा स्तरिय कुल जम्मा** | **५६१३६९२८.००** |
| संघीय सशर्त अनुदान | २४०६००००.०० |
| विशेष अनुदान | ३००००००.०० |
| स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | २००००००.०० |
| पर्यटन पूर्वाधार कार्यक्रम | ५०००००.०० |
| तराई मधेश समृद्धि कार्यक्रम | ५०००००.०० |
| सडक बोर्ड नेपाल | ४५०००००.०० |
| औधोगिक ग्राम | ५०००००.०० |
| खेलकुद पुर्वाधार | ५०००००.०० |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | १७५०००००.०० |
| **कुल व्यय तर्फ** | ७०८३७७५४६.०० |

चित्र बहादुर कार्की
नगर प्रमुख